नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

# रेड कार्यान्वयन केन्द्र

बबरमहल

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ वमोजिम सार्वजनिक गरिएको विवरण

*सूचना सार्वजनिक गरेको अवधिः- २०८०/०४/०१ - २०८०/०९/२९*

# बिषयसूची


**१. केन्द्रको स्वरुप र प्रकृति** **1**

**१.२ केन्द्रमा रहने कर्मचारी संख्या र कार्य विवरण** **1**

१.२.१ रेड कार्यान्वयन केन्द्रको कार्य विवरण: 2
१.२.२ जलबायु व्यवस्थापन शाखा 3
१.२.३ बजेट तथा कार्यक्रम शाखा 3
१.२.४ दुर सम्वेदन तथा भू-सूचना प्रणाली शाखा 4
१.२.५ आर्थिक प्रशासन शाखा 4

**२. केन्द्रबाट प्रदान गरिने सेवा** **4**

*२.१ केन्द्रको नागरिक बडापत्र* *5*

*२.२ केन्द्रको शाखा र जिम्मेवार पदाधिकारी* *6*

**३. सम्पादन गरेको कामको विवरण** **6**

*३.१ समग्र प्रगति* *6*

*३.२ आर्थिक वर्ष २०८०।८१ को श्रावण देखी पुष मसान्त सम्मको अर्धवार्षिक प्रगति* *7*

**४. सूचना अधिकारी र प्रमुखको नाम** **9**

**५. केन्द्रको बजेट सम्बन्धी विवरण** **9**

**६. केन्द्रको आ.व. ०८०।८१ को हालसम्मको प्रगति विवरण** **9**

**७. केन्द्रको सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण** **9**

**अनुसुची १ २०८० पौष महिनाको खर्चको फाँटवारी** **10**

# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा नियमावलीको नियम ३ वमोजिम सार्वजनिक गरिएको विवरण

**सूचना सार्वजनिक गर्ने निकायको नामः- रेड कार्यान्वयन केन्द्र, बबरमहल, काठमाडौं ।**

## १. केन्द्रको स्वरुप र प्रकृति


नेपालमा रेडप्लसको प्रभावकारी रुपमा तयारी र नतिजामुलक कार्यान्वयनको लागि वन तथा वातावरण मन्त्रालय अन्तरगत विभागस्तरको छुट्टै संरचनाको रुपमा रेड कार्यान्वयन केन्द्रको स्थापना गरिएको छ ।नेपाल सरकारले रेड कार्यान्वयन केन्द्र मार्फत आ.व. २०६६।६७ देखि रेडप्लस कार्यक्रम कार्यान्वयन गरिरहेको छ । यस केन्द्रले हालसम्मको ११ बर्षको अवधिमा तयारी चरणमा गर्नुपर्ने विभिन्न क्रियाकलापहरु सम्पन्न गरेको छ । वनजन्य पारिस्थितिकीय प्रणालीको कार्वन र गैरकार्वन लाभ अभिवृद्धि गर्ने उद्देश्यले वन तथा वातावरण मन्त्रालयले २०७५ मा नेपाल राष्ट्रिय रेडप्लस रणनीति, २०७५ कार्यान्वयनमा ल्याएको छ।

रेडसंग सम्बन्धित बहुसरोकारवालाहरुलाई निर्णय प्रकृयामा समावेश गराउनुको लागि उच्च तहमा वन तथा वातावरण मन्त्रालयको माननीय मन्त्रीज्यूको अध्यक्षतामा सम्बन्धित मन्त्रालय र राष्ट्रिय योजना आयोगका सचिव र प्रदेशका वन हेर्ने मन्त्रालयका प्रदेश सचिवहरु र वन ब्यवस्थापन सम्वन्धी संघ/संस्थाका प्रतिनिधिहरु सदस्य र रेड कार्यान्वयन केन्द्रको केन्द्र प्रमुख सदस्य सचिव रहने गरी एक बहुपक्षीय, बहुसरोकारवाला, उच्चस्तरीय संरचनाको रुपमा **राष्ट्रिय रेडप्लस निर्देशक समिति** रहेको छ । यस संरचनाको मुख्य उद्देश्यहरु रेड कार्यक्रम कार्यान्वयन गर्नका लागि नीति तथा कार्यक्रमहरुका बीच सामञ्जस्यता कायम गर्न आवश्यक वित्त एवं अन्तर मन्त्रालय समन्वय र सहकार्य जुटाउन सहयोग गर्ने रहेको छ ।

दोस्रो तहमा वन तथा वातावरण मन्त्रालयको सचिवज्यूको अध्यक्षतामा **राष्ट्रिय रेडप्लस समन्वय समिति** रहेको छ । यस समितिमा नेपाल सरकारको तर्फबाट १२ जना, नागरिक समाजको तर्फबाट कम्तीमा ३ जना महिला सहित बढीमा ९ जना गरी जम्मा २१ जना सदस्यहरु रहेका छन् । यस समितिको मुख्य उद्देश्य रेड कार्यान्वयनको लागि कार्यक्रम तर्जुमा र कार्यान्वयनको लागि राष्ट्रिय रेडप्लस रणनीति बमोजिम एकिकृत गर्न मद्दत गर्ने र रेडप्लस कार्यक्रमको अनुगमन गर्ने र यसको रचनात्मक उपाय निकाल्ने रहेको छ ।

## १.२ केन्द्रमा रहने कर्मचारी संख्या र कार्य विवरण

यस केन्द्रमा वजेट तथा कार्यक्रम शाखा, दूर संवेदन तथा भू-सुचना प्रणाली शाखा, जलवायु व्यवस्थापन शाखा र आर्थिक तथा प्रशासन शाखा रहेका छन् । यस केन्द्रको नियमित कार्य संचालनको लागि १३ जना कर्मचारीहरुको दरवन्दि रहेको छ । यसको कार्यालय बबरमहलको वन परिसरमा रहेको छ ।




चित्र नं १: रेड कार्यान्वयन केन्द्रको कार्य सम्बन्धित संस्थागत संरचना

### १.२.१ रेड कार्यान्वयन केन्द्रको कार्य विवरण:

- रेडप्लसको नतिजामूलक भुक्तानी प्राप्तिका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कोषहरु पहिचान गरी पहुँच पुऱ्याउने ।
- रेडप्लस सम्बन्धी नीति निर्माण र निर्णयका लागि विभिन्न क्षेत्र र सरोकारवालाहरुसँग समन्वय गर्ने ।
- वन क्षेत्रबाट हुने हरितगृह ग्यासँ उत्सर्जनको विषयलाई नियमन गर्न समन्वय गर्ने ।
- रेडप्लसबाट प्राप्त लाभको बाँडफाँटका लागि समन्वय गर्ने ।
- रेडप्लसमा सुरक्षा कवच (सेफगार्ड) को कार्यान्वयन र अनुगमनमा समन्वय गर्ने ।

- राष्ट्रिय वन सूचना प्रणालीको स्थापना र सञ्चालन गर्ने ।
- राष्ट्रिय रेडप्लस रणनीति र उत्सर्जन न्यूनीकरण कार्यक्रम कार्यान्वयनका लागि समन्वय गर्ने ।
- रेडप्लस सम्बन्धी अध्ययन अनुसन्धान तथा प्रकाशन र प्रचार प्रसार गर्ने ।
- वन कार्वनको दर्ता, राष्ट्रिय वन अनुगमन प्रणालीको स्थापना र कार्वन मापन, प्रतिवेदन तयारी र प्रमाणीकरणको लागि वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रसँग समन्वय गर्ने ।
- उत्सर्जन न्यूनीकरण कार्यक्रम अनुसार निजी वनलाई प्रोत्साहन गर्नका लागि निजी वन धनीहरुसँग सम्झौता गर्ने व्यवस्थाहरुको विकास गर्ने ।

### १.२.२ जलबायु व्यवस्थापन शाखा

- जलवायु परिवर्तन समानुकुलन सम्बन्धि आयोजना सोचपत्रहरु तयार गरी केन्द्र प्रमुखसमक्ष पेश गर्ने ।
- पारिस्थितिक तथा समुदायमा आधारित समानुकुलन सम्बन्धि कार्यक्रमबारे सोचपत्र तयार गर्ने ।
- वनमा आधारित समानुकुलन कार्यक्रमको सम्पर्क विन्दुको रुपमा रही कार्यक्रमहरूको समन्वय गर्ने ।
- नमूना परिक्षणका रुपमा कार्यान्वयन भइरहेको समानुकुलन कार्यक्रमहरुको विवरण अद्यावधिक गरी प्रतिवेदन तयार गर्ने ।
- यस शाखाको कार्यसँग सम्बन्धित विषयमा अध्ययन, तालिम, गोष्ठी सेमिनार आदि सञ्चालनको लागि लागत अनुमान सहित कार्यक्रम स्वीकृत गराई कार्यान्वयन गर्ने ।
- आफ्नो शाखाबाट सम्पादित कार्यको मासिक, चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रमुख समक्ष पेश गर्ने ।
- तोकिएको अन्य कार्यहरु गर्ने ।

### १.२.३ बजेट तथा कार्यक्रम शाखा

- रेडप्लस  कार्यान्वयनको लागि आवश्यक पर्ने नीति तथा रणनीतिको तर्जुमा गर्ने ।
- दीर्घकालीन, अल्पकालिन र आवधिक योजना तथा कार्यक्रमहरु तर्जुमा गरी तोकिएको समयभित्र प्रमुख समक्ष पेश गर्ने ।
- बैठक, सभा, सम्मेलन, अध्ययन भ्रमण, आदिबारे कार्यक्रम स्वीकृत गराइ कार्यान्वयन गर्ने ।
- कार्यक्रम/आयोजनाको चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रमुख समक्ष पेश गर्ने ।
- दातृ निकायलाइ पठाउनु पर्ने प्रगती विवरणहरु समयमै तयार गरी प्रमुख समक्ष स्वीकृतिको लागि पेश गर्ने ।
- Midterm Review, Measuring Reporting and Verification MRV (मापन, प्रतिवेदन तथा प्रमाणीकरण), Emissions Reductions Program Idea Note ER-PIN (उत्सर्जन न्यूनीकरण कार्यक्रम अवधारणापत्र) र Readiness-Package (तयारी प्याकेज) तयार गर्ने कार्यमा सहयोगी निकायसँग समन्वय गर्ने र भए गरेको प्रगतिको जानकारी प्रमुखलाई गराउने ।
- RPP कार्यान्वयनको चरणमा गर्नुपर्ने प्रचार प्रसार एवम् क्षमता अभिबृद्धि कार्यक्रमको लागि आवश्यक पर्ने मार्गचित्र तयार गरी प्रमुख समक्ष पेश गर्ने ।
- Measuring Reporting and Verification MRV (मापन, प्रतिवेदन तथा प्रमाणीकरण) नमूना परिक्षणबाट प्राप्त भएका सिकाई र अभ्यासहरुको जानकारी/विवरण सङ्कलन गरी मस्यौदा तयार गर्ने ।
- रेडप्लस नमूना परिक्षण सम्बन्धि विवरण अध्यावधिक गरी वेभसाइट (Website)मा प्रविष्ट गर्न सहयोग गर्ने ।

- रेडप्लस सम्बन्धि प्रचार प्रसार सामाग्रीहरु तयारी तथा उत्पादन गर्न मस्यौदा तयार गर्ने तथा समन्वय गर्ने ।
- यस केन्द्रको Outreach Plan तयार गरि सोको कार्यान्वयन गर्न आवश्यक पर्ने स्रोत र कार्यान्वयनको रुपरेखा तयार गरि पेश गर्ने ।
- राष्ट्रिय रेडप्लस केन्द्र र बहु सरोकारवालाहरुको बैठक/गोष्ठीको लागि आवश्यक तयारी गर्ने र भएका निर्णय एवं छलफलका बुँदाहरू टिपोट गरी प्रमुख समक्ष पेश गर्ने।
- तोकिएको अन्य कार्यहरु समेत गर्ने ।

#### १.२.४ दुर सम्वेदन तथा भू-सूचना प्रणाली शाखा

- यस शाखाबाट Measuring Reporting and Verification MRV (मापन, प्रतिवेदन तथा प्रमाणिकरण) सँग सम्बन्धित अध्ययन कार्य गर्ने सेवा प्रदायकलाई सहजिकरण गर्ने एवम् विषयगत प्राविधिक समितिमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।
- रेडप्लस कार्यान्वयनको लागि आवश्यक पर्ने कार्वन मापन, अनुगमन प्रतिवेदन तथा प्रमाणिकरणसँग सम्बन्धित विषयबस्तुमा गरिने अध्ययन अनुसन्धान कार्यमा सक्रिय रुपमा सहभागी भइ अभिलेख अद्यावधिक गर्ने ।
- कार्वन मापन र आकलन गर्ने सम्बन्धि सञ्चालित नमूना कार्यलाई राष्ट्रिय रेडप्लस केन्द्रको तर्फबाट समन्वय र सहजिकरण गर्ने ।
- यस शाखासँग सम्बन्धित अध्ययन कार्यमा सलग्न सेवा प्रदायकसँग फोकल व्यक्तिको रुपमा रही प्रक्रिया र विधिबारे पूर्ण जानकारी राख्ने ।
- आफ्नो शाखाबाट सम्पादित कार्यको मासिक, चौमासिक र वार्षिक प्रगती प्रतिवेदन तयार गरी एकाइ प्रमुख समक्ष पेश गर्ने ।
- वन मापन र अनुगमन प्रतिवेदन तयार सम्बन्धि नविनतम प्राबिधिक ज्ञानबारे अध्ययन/अनुसन्धान गरी सहकर्मी वीच आदान प्रदान गर्ने ।
- यस शाखाको कार्यसँग सम्बन्धित विषयमा तालिम, गोष्ठी, सेमिनार सञ्चालनको लागि कार्यक्रम स्वीकृत गराई कार्यान्वयन गर्ने ।
- तोकिएको अन्य कार्यहरु समेत गर्ने ।

#### १.२.५ आर्थिक प्रशासन शाखा

- आयोजना लेखा तयार गर्ने ।
- समयमै सोधभर्ना माग गर्ने ।
- आर्थिक प्रशासन सम्बन्धि कार्य गर्ने ।
- लेखापरीक्षण गराउने ।
- बेरुजुको लगत राखि फछ्र्यौट गर्ने, गराउने तथा सम्परीक्षण गराउने ।
- आवधिक प्रतिवेदन तालुक निकायमा पठाउने ।
- तोकिए बमोजिम अन्य कार्यहरु गर्ने ।

## २. केन्द्रबाट प्रदान गरिने सेवा

यस केन्द्रबाट निम्न सेवाहरु प्रदान गरिन्छ ।

- कार्वन सञ्चितिबाट रेडको अवधारणा अनुसार विश्व व्यपारमा संलग्न हुन आवश्यक नीति तथा कार्यक्रम तर्जुमा भएका दस्तावेजहरु उपलब्ध गराउने तथा सुझावहरु उपलब्ध गराउने तथा सोही बमोजिम व्यापारको लागि आवश्यक तयारीका लागि कार्य गर्ने ।
- रेड कार्यान्वयनको तयारीको लागि विभिन्न सरोकारवाला निकायहरुसंग समन्वय गर्ने ।
- रेड कार्यान्वयनको तयारीको लागि विभिन्न सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्ने कार्यमा उपलब्ध स्रोत अनुरुप सहयोग गर्ने ।
- माथि उल्लेखित कार्य विवरण अनुरुप कार्यहरु गरी सेवा प्रदान गर्ने ।

## २.१ केन्द्रको नागरिक बडापत्र

यस केन्द्रको नागरिक बडापत्र निम्नानुसार रहेको छ ।

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

**रेड कार्यान्वयन केन्द्र**

**नागरिक वडापत्र**

| सि.नं. | सेवाको प्रकार | सेवा प्राप्त गर्दा पुर्याउनुपर्ने प्रकृया | सम्पर्क गर्नुपर्ने व्यक्ति तथा शाखा | सेवा प्राप्त गर्दा लाग्ने दस्तुर | सेवा प्राप्त गर्न लाग्ने समय | उजुरी वा गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| १ | रेड सम्वन्धी प्रचार प्रसार सामग्री वितरण | १. मौखिक तथा लिखित निवेदन<br>२. धेरै संख्यामा चाहिने भएमा संस्था वा कार्यालयको पत्र | प्रशासन शाखा (दर्ता चलानी तथा सोधपुछ कक्ष) | नलाग्ने | उपलब्धता अनुसार तुरुन्तै | केन्द्र प्रमुख |
| २ | रेड कार्यक्रम सम्वन्धी जानकारी प्रदान | विषय अनुसारको शाखाहरुमा सम्पर्क राख्ने | प्रशासन शाखा (दर्ता चलानी तथा सोधपुछ कक्ष) तथा सम्वन्धित शाखा | नलाग्ने | तुरुन्तै | केन्द्र प्रमुख |
| ३ | परामर्श खरिद सम्वन्धी जानकारीको लागि सेवा प्रवाह | रितपुर्वक निवेदन दिनुपर्ने | प्रशासन शाखा (दर्ता चलानी तथा सोधपुछ कक्ष) तथा सम्वन्धित शाखाहरु | नलाग्ने | तुरुन्तै | केन्द्र प्रमुख |
| ४ | स्वीकृत प्रतिवेदनहरु आवश्यक भएमा | सम्वन्धित शाखाहरुमा सम्पर्क तथा इमेल गर्न सकिने | सम्वन्धित शाखाहरु | १० पेज भन्दा बढीको हकमा रु. ५ प्रति पेज | ३ दिन | केन्द्र प्रमुख |
| ५ | सुची दर्ता सम्वन्धमा | सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिसको निवेदन | प्रशासन शाखा (दर्ता चलानी तथा सोधपुछ कक्ष) | रु. १० को टिकट टाँस गरी पेश गर्नुपर्ने | ३ दिन | केन्द्र प्रमुख |

### २.२ केन्द्रको शाखा र जिम्मेवार पदाधिकारी

| सि.नं. | शाखा | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|---|
| १ | केन्द्र प्रमुख | नवराज पुडासैनी | सहसचिव (प्रा.) | |
| २ | कार्यक्रम तथा बजेट | यज्ञमूर्ति खनाल | उपसचिव (प्रा.) | |
| ३ | शाखा | विष्णुकुमारी अधिकारी | सहायक भू संरक्षण अधिकृत | |
| ४ | जलवायु व्यवस्थापन | यज्ञमूर्ति खनाल | उपसचिव (प्रा.) | |
| ५ | शाखा | सुजस प्रसाद फुयाँल | सहायक वन अधिकृत | |
| ६ | दूर संवेदन तथा भू | शंकर अधिकारी | उपसचिव (प्रा.) | |
| ७ | सुचना प्रणाली शाखा | शान्ता काफ्ले | सहायक वन अधिकृत | |
| ८ | आर्थिक तथा | सविता रिजाल | लेखा अधिकृत | |
| ९ | प्रशासन शाखा | तारा प्रसाद पुन | नायब सुव्बा | |
| १० | | प्रभा भट्टराई | लेखापाल | काज |
| ११ | | रनिता राई | स.कम्प्युटर अपरेटर | |

## ३. सम्पादन गरेको कामको विवरण

सम्पादन गरेको कार्यहरुलाइ समग्र र त्रैमासिक अनुसार प्रस्तुत गरिएको छ ।

### ३.१ समग्र प्रगति

यस केन्द्रको कार्यहरुलाइ समग्रमा प्रस्तुति गर्दा सान्दर्भिक हुने महसुस गरेर प्रस्तुति गरिएको छ ।

- नेपालको राष्ट्रिय वन आधार तह (National Forest Reference Level) संयुक्त राष्ट्र संघको जलवायु परिवर्तन सम्बन्धि अभिसन्धिको रेड प्लेटफर्ममा प्रकाशित भएको ।
- राष्ट्रिय रेडप्लस रणनीति (National REDD+ Strategy) (मा. मन्त्रीस्तरको मिति २०७५।०१।०६ को निर्णय अनुसार) स्वीकृत भएको ।
- वन लगानी योजना (Forest Investment Plan) तयार गरी विश्व वैंकको जलबायु लगानी कोषमा पेश गरेकोमा बि.स. २०७४ मंसिर २६ देखी २७ मा विश्व वैंकको प्रधान कार्यालय वाशिङटन डि.सी.मा बसेको जलबायु लगानी कोषको वैठकले उक्त लगानी योजना स्विकृत गरेको थियो ।यसै अनुरुप समृद्धिको लागि वन परियोजना दस्तावेजको तयार गरी पेश गरेको ।उक्त परियोजना विश्व बैंकको बोर्डबाट सन् २०२० को जुन महिनामा स्वीकृत भएको र नेपाल सरकारले समेत रूपान्तरणकारी आयोजनाको रूपमा समेटेको ।
- तराई भूपरिधि क्षेत्रका १३ जिल्लाका लागि कार्वन उत्सर्जन न्यूनीकरण दस्तावेज (Emission Reduction Program Document-ERPD) कार्वन कोषको पोर्टफोलियोमा समाबिष्ट गरिएको । रेड कार्यान्वयन केन्द्रबाट सञ्चालन गरिने कार्यहरु वार्षिक १३ जिल्लाहरुमा प्राथमिकतासाथ सञ्चालन भैरहेको ।
- उत्सर्जन न्युनिकरण कार्यक्रमको वातावरणीय र सामाजिक व्यवस्थापन खाका तयार भै स्विकृत भएको ।
- उत्सर्जन न्युनिकरण कार्यक्रमको लाभांस बाँडफांड योजना तयार भै स्विकृतिको लागि वन तथा वातावरण मन्त्रालयमा पेश भएको।

- रेडप्लस कार्यक्रम अन्तरगत तराईका १३ जिल्लाहरुमा कार्यान्वयन भैरहेको Emission Reduction Program (ERP) बाट उत्सर्जन न्यूनीकरण र कार्वन संचिति बापत् प्राप्त हुने भुक्तानी सम्झौता Emissions Reduction Payment Agreement (ERPA) सन् २०२१ को फेब्रुअरी २४ का दिन नेपाल सरकार र विश्व बैंक विच सम्पन्न भएको ।
- रेडप्लस कार्यक्रमलाई टेवा पुर्याउने गरी तयार भएको सम्बृद्धिको लागि वन परियोजना कार्यान्वयन गर्न नेपाल सरकार र विश्व बैंक विच मार्च १९, २०२१ को दिन सम्झौता भएको । यो कार्यक्रम लुम्बिनी प्रदेश र मधेश प्रदेशका २५ – २५ वटा स्थानीय तहमा लागू भैरहेको छ ।
- विश्व बैंकको वन कार्वन साझेदारी संयन्त्र (Forests Carbon Partnership Facility- FCPF) को अनुदान सहयोगमा सञ्चालित रेडप्लस रेडिनेस सहयोग कार्यक्रम सन् २०१७ देखी शुरू भै सन् २०२२ को डिसेम्बरमा सम्पन्न भएको ।
- उत्सर्जन न्यूनीकरण भुक्तानी सम्झौतामा उल्लेख भए बमोजिम सन् २०१८ देखी सन् २०२१ फेब्रुअरी २४ सम्म सम्पादन भएका कार्यहरू उत्सर्जन न्यूनीकरण कार्यक्रमको सामाजिक तथा वातावरणीय सुरक्षा खाका बमोजिम रहे नरहेको सम्बन्धमा Consistency Report तयार गर्ने कार्यको Field Consultation गरी अन्तिम प्रतिवेदन तयार गरी विश्व बैंक समक्ष पेश गरेको ।
- नेपाल सरकार र विश्व बैंकविच सन् २०२१ मा भएको रेडप्लस मार्फत हुने उत्सर्जन न्यूनीकरण र कार्वन सञ्चिति वृद्धि (वन क्षेत्रको कार्वन व्यापार) सम्बन्धी सम्झौता अनुरुप वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको सहयोगमा तयार पारेको सन् २०१८ जुन २२ देखी सन् २०२१ डिसेम्बर ३१ सम्मको पहिलो उत्सर्जन न्यूनीकरण अनुगमन प्रतिवेदन (First Emission Reduction Monitoring Report of Nepal's Terai Arc Landscape) विश्व वैंक समक्ष २०२३ को सेप्टेम्बर महिनामा पेश भै तेश्रो पक्षबाट परिक्षण (भेरिफिकेसन) भै रहेको । उक्त प्रतिवेदन तेश्रो पक्षबाट प्रमाणीकरण भए पश्चात् नेपालले वन क्षेत्रको कार्वन व्यापार मार्फत् नतिजामा आधारित पहिलो भुक्तानी प्राप्त गर्न सक्ने देखिन्छ ।

### ३.२ आर्थिक वर्ष २०८०।८१ को श्रावण देखी पुष मसान्त सम्मको अर्धवार्षिक प्रगति

- रेड फरेष्ट्रि तथा जलवायु परिवर्तन कार्यक्रमसँग सम्बन्धित कृयाकलापहरू:
  - नेपाल सरकार र विश्व बैंकविच सन् २०२१ मा भएको वन कार्वन उत्सर्जन न्यूनीकरण सम्बन्धी सम्झौता अनुरुप वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको सहयोगमा तयार पारेको सन् २०१८ जुन २२ देखी सन् २०२१ डिसेम्बर ३१ सम्मको पहिलो उत्सर्जन न्यूनीकरण अनुगमन प्रतिवेदन (First Emission Reduction Monitoring Report of Nepal's Terai Arc Landscape) विश्व वैंक समक्ष २०२३ को सेप्टेम्बर महिनामा पेश गरेको ।
  - केन्द्र तथा प्रदेश स्तरमा रेडप्लस सम्बन्धी सरोकारवालाहरूको समन्वय गोष्ठी विभिन्न ३ ठाउँमा सञ्चालन गरेको ।

- बाग्मति, गण्डकी र लुम्बिनी प्रदेशमा कार्यान्वयन गर्ने गरी लिफ (LEAF) परियोजना सम्बन्धमा लिफ कोलिजनको व्यवस्थापकीय निकाय इमरजेन्ट संगको समन्वयमा लुम्बिनी, गण्डकी र बाग्मति प्रदेशका सरोकारवाला निकायहरूको प्रतिनिधी विच जानकारीमुलक छलफल, अन्तर्कृया कार्यक्रम सञ्चालन गरेको ।
- वन नियमावली २०७९ अनुरूप लिफ परियोजना कार्यान्वयनको लागि परियोजना कार्यान्वयन हुने क्षेत्रको प्रभावित समुदायहरूको पुर्व शुसुचित सहमति (Free, Prior, Informed Consent- FPIC) प्राप्त गर्नको लागि अपनाउनुपर्ने प्रकृयाको सन्दर्भमा विभिन्न सरोकारवाला निकायहरूको सहभागितामा मस्यौदा कार्यविधि तयार गरेको ।

- सम्बृद्धिको लागि वन कार्यक्रमसँग सम्बन्धित कृयाकलापहरू:
  - सम्बृद्धिको लागि वन कार्यक्रम लागू भएका मधेश प्रदेशका विभिन्न पालिकाहरूका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, परियोजना फोकल व्यक्ति, वन प्राविधिक समेतको सहभागितामा क्लस्टर लेभलमा विभिन्न ३ ठाउँमा छलफल अन्तर्कृया कार्यक्रम सञ्चालन गरी कार्यान्वयन तहका सबै सरोकारवालाहरूको समान बुझाई बनाई प्रभावकारी कार्यान्वयनमा जोड दिइएको ।
  - सम्बृद्धिको लागि वन कार्यक्रम अन्तर्गत गत आर्थिक वर्षमा तयार भएको “निजी वन विकास तथा व्यवस्थापन कार्यविधि २०८०” र “सार्वजनिक जग्गामा वन विकास तथा व्यवस्थापन कार्यविधि २०८०” को मस्यौदा उपर नेपाल नगरपालिका संघ र नेपाल राष्ट्रिय गाउँपालिका महासंघको पदाधिकारीहरूसँगको छलफल अन्तर्कृया पश्चात् प्राप्त सुझावहरू समावेश गरी उक्त दुवै कार्यविधिको मस्यौदा सम्बृद्धिको लागि वन परियोजना कार्यान्वयन भएका पालिकाहरूमा स्विकृति एवं कार्यान्वयनको लागि पठाइएको ।
  - आ.व. ०७९।८० मा सम्बृद्धिको लागि वन कार्यक्रम कार्यान्वयन गरेका पालिकाहरूमध्ये कार्यसम्पादनमा आधारित रही मधेश प्रदेश र लुम्बिनी प्रदेशका ३।३ वटा पालिकाहरू उत्कृष्ट पालिकाको रूपमा छनोट गरी पुरस्कार /सम्मान पत्र प्रदान गरिएको ।
  - सम्बृद्धिको लागि वन कार्यक्रम कार्यान्वयनमा एकरूपता एवं सहजता प्रदान गर्न पालिका तह एवं प्रदेश तहको लागि छुट्टा छुट्टै वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि तयारी एवं स्वीकृत गरी कार्यान्वयनको लागि पठाइएको ।
  - सम्बृद्धिको लागि वन परियोजनाको संघीय तथा प्रादेशिक परियोजना निर्देशक समितिको बैठक आयोजना गरी परियोजनाको हालसम्मको सिकाई तथा आइपरेका समस्याहरू समाधानका लागि उपयुक्त उपाय पहिल्याउन परियोजना निर्देशक समितिबाट सघन रूपमा समिक्षा गरिएको ।
  - सम्बृद्धिको लागि वन कार्यक्रम अन्तर्गत विभिन्न स्थानमा सरोकारवालाहरूको सहभागितामा विभिन्न किसिमका तालिम, गोष्ठी, समन्वय बैठक, वार्षिक प्रगति समिक्षा, तथा क्षमता अभिवृद्धि सम्बन्धी विभिन्न कृयाकलापहरू सम्पन्न गरेको ।

## ४. सूचना अधिकारी र प्रमुखको नाम

- केन्द्र प्रमुखः नवराज पुडासैनी, सह सचिव (प्रा.)
- सूचना अधिकारीः यज्ञमूर्ति खनाल, उपसचिव (प्रा.),

  Email: yajnamurti@gmail.com, info@redd.gov.np

  फोनः ०१- ५३३९१२६

## ५. केन्द्रको बजेट सम्बन्धी विवरण

यस केन्द्रको आ.व. २०८०।८१ को लागि को रेड फरेष्ट्रि तथा जलवायु परिवर्तन कार्यक्रम तर्फ बजेट उपशिर्षक नं. ३२९००१०२३ को चालु खर्च तर्फ विनियोजित बजेट रू. २,०२,००,०००।- र सम्बृद्धिको लागि वन कार्यक्रम तर्फ बजेट उपशिर्षक नं. ३२९००१०५३ को चालु खर्च तर्फ विनियोजित बजेट रू. ५,४२,००,०००।— (संसोधन समेत) रहेको छ ।

## ६. केन्द्रको आ.व. ०८०।८१ को हालसम्मको प्रगति विवरण

यस केन्द्रको गत आ.व. ०८०।८१ को हाल (अर्धवार्षिक अवधी) सम्मको समग्र प्रगति सम्बन्धी विवरण तालिका १ मा दिइएको छ । साथै यस केन्द्रको २०८० पुष महिनाको खर्चको फाँटवारी अनुसुची १ मा राखिएको छ ।

**तालिका नं १: केन्द्रको आ.व. ०८०।८१ को पुष महिना सम्मको प्रगति**

| कार्यक्रम/ आयोजना | वार्षिक बजेट तथा खर्च (लाखमा) | | | | वितिय प्रगति प्रतिशत | भौतिक प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|
| | वार्षिक विनियोजन | | हालसम्मको खर्च | | | |
| | चालु | पूँजीगत | चालु | पूँजीगत | | |
| रेड फरेस्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम | २०२ | ० | ६८.६३ | ० | ३३.९७% | ५०% |
| सम्वृद्धिको लागि वन कार्यक्रम | ५४२ | ० | १०२.१९ | ० | १८.८५% | २५% |

## ७. केन्द्रको सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण

यस केन्द्रका सूचनाहरु समय समयमा केन्द्रको website http://redd.gov.np/ मा राखे गरिएको तथा विभिन्न पुस्तक, पोस्टर, ब्रोसरका रुपमा प्रकाशित गर्ने गरिएको छ।

# अनुसुची १ २०८० पौष महिनाको खर्चको फाँटवारी

म.ले.प. फाराम नं:२१०

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
रेड कार्यान्वयन केन्द्र
कार्यालय कोड नं : ३२९०१३५०३

**खर्चको फाँटवारी**

बजेट उपशीर्षक नम्बर: ३२९००१०२३
आयोजना/कार्यक्रम नाम: रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम

आर्थिक वर्ष: २०८०/८१
महिना: पुस

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | | | | | | | | |
| 21111 पारिश्रमिक कर्मचारी | | | | | ८,८००,०००.०० | ५,०३६,६४०.१० | ४,५५२,१५०.७० | ४८४,४८९.४० | ५,०३६,६४०.१० | ०.०० | ५,०३६,६४०.१० | ३,७६३,३५९.९० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ८,८००,०००.०० | ५,०३६,६४०.१० | ४,५५२,१५०.७० | ४८४,४८९.४० | ५,०३६,६४०.१० | ०.०० | ५,०३६,६४०.१० | ३,७६३,३५९.९० |
| 21121 पोशाक | | | | | १००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १००,०००.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १००,०००.०० |
| 21132 महंगी भत्ता | | | | | ३००,०००.०० | १२०,०००.०० | १००,०००.०० | २०,०००.०० | १२०,०००.०० | ०.०० | १२०,०००.०० | १८०,०००.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ३००,०००.०० | १२०,०००.०० | १००,०००.०० | २०,०००.०० | १२०,०००.०० | ०.०० | १२०,०००.०० | १८०,०००.०० |
| 21134 कर्मचारीको बैठक भत्ता | | | | | २००,०००.०० | ४०,०००.०० | ४०,०००.०० | ०.०० | ४०,०००.०० | ०.०० | ४०,०००.०० | १६०,०००.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २००,०००.०० | ४०,०००.०० | ४०,०००.०० | ०.०० | ४०,०००.०० | ०.०० | ४०,०००.०० | १६०,०००.०० |
| 21139 अन्य भत्ता | | | | | १००,०००.०० | ३३,८००.०० | ३३,८००.०० | ०.०० | ३३,८००.०० | ०.०० | ३३,८००.०० | ६६,२००.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १००,०००.०० | ३३,८००.०० | ३३,८००.०० | ०.०० | ३३,८००.०० | ०.०० | ३३,८००.०० | ६६,२००.०० |
| 21212 योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष खर्च | | | | | २००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २००,०००.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २००,०००.०० |
| 21213 योगदानमा आधारित बीमा कोष खर्च | | | | | १००,०००.०० | २५,०००.०० | २०,०००.०० | ५,०००.०० | २५,०००.०० | ०.०० | २५,०००.०० | ७५,०००.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १००,०००.०० | २५,०००.०० | २०,०००.०० | ५,०००.०० | २५,०००.०० | ०.०० | २५,०००.०० | ७५,०००.०० |
| 22111 पानी तथा बिजुली | | | | | ५००,०००.०० | १४०,४४२.०० | ५३,५२६.०० | ८६,९१६.०० | १४०,४४२.०० | ०.०० | १४०,४४२.०० | ३५९,५५८.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ५००,०००.०० | १४०,४४२.०० | ५३,५२६.०० | ८६,९१६.०० | १४०,४४२.०० | ०.०० | १४०,४४२.०० | ३५९,५५८.०० |
| 22112 संचार महसुल | | | | | ३००,०००.०० | ५१,०५०.०० | ६,५००.०० | ४४,५५०.०० | ५१,०५०.०० | ०.०० | ५१,०५०.०० | २४८,९५०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ३००,०००.०० | ५१,०५०.०० | ६,५००.०० | ४४,५५०.०० | ५१,०५०.०० | ०.०० | ५१,०५०.०० | २४८,९५०.०० |
| 22212 इन्धन (कार्यालय प्रयोजन) | | | | | ६००,०००.०० | १५९,५१५.०९ | १४२,८१५.०९ | १६,७००.०० | १५९,५१५.०९ | ०.०० | १५९,५१५.०९ | ४४०,४८४.९१ |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ६००,०००.०० | १५९,५१५.०९ | १४२,८१५.०९ | १६,७००.०० | १५९,५१५.०९ | ०.०० | १५९,५१५.०९ | ४४०,४८४.९१ |
| 22213 सवारी साधन मर्मत खर्च | | | | | ५००,०००.०० | २५,९६५.०० | १३,४४३.०० | १२,५२२.०० | २५,९६५.०० | ०.०० | २५,९६५.०० | ४७४,०३५.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ५००,०००.०० | २५,९६५.०० | १३,४४३.०० | १२,५२२.०० | २५,९६५.०० | ०.०० | २५,९६५.०० | ४७४,०३५.०० |
| 22214 बीमा तथा नवीकरण खर्च | | | | | ४००,०००.०० | ९५,७३०.०० | ५०,०००.०० | ४५,७३०.०० | ९५,७३०.०० | ४०,०००.०० | ५५,७३०.०० | ३०४,२७०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ४००,०००.०० | ९५,७३०.०० | ५०,०००.०० | ४५,७३०.०० | ९५,७३०.०० | ४०,०००.०० | ५५,७३०.०० | ३०४,२७०.०० |

Printed By: sabita    Printed Date: Feb 11, 2024 01:38 PM    Page 1 / 3

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | | | | | | | | |
| 22221 मेसिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | | | | | २००,०००.०० | [illegible] | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २००,०००.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २००,०००.०० |
| 22311 मसलन्द तथा कार्यालय सामाग्री | | | | | ६००,०००.०० | १३७,६३०.०० | ४६,२२५.०० | ९१,४०५.०० | १३७,६३०.०० | ०.०० | १३७,६३०.०० | ४६२,३७०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ६००,०००.०० | १३७,६३०.०० | ४६,२२५.०० | ९१,४०५.०० | १३७,६३०.०० | ०.०० | १३७,६३०.०० | ४६२,३७०.०० |
| 22314 इन्धन - अन्य प्रयोजन | | | | | १००,०००.०० | १८,९५०.०० | ०.०० | १८,९५०.०० | १८,९५०.०० | ०.०० | १८,९५०.०० | ८१,०५०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १००,०००.०० | १८,९५०.०० | ०.०० | १८,९५०.०० | १८,९५०.०० | ०.०० | १८,९५०.०० | ८१,०५०.०० |
| 22315 पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | | | | | १००,०००.०० | १३,४१५.०० | ०.०० | १३,४१५.०० | १३,४१५.०० | ०.०० | १३,४१५.०० | ८६,५८५.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १००,०००.०० | १३,४१५.०० | ०.०० | १३,४१५.०० | १३,४१५.०० | ०.०० | १३,४१५.०० | ८६,५८५.०० |
| 22412 सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | | | | | ३००,०००.०० | ७५,२५०.०० | ३७,१२५.०० | ३७,१२५.०० | ७५,२५०.०० | ०.०० | ७५,२५०.०० | २२५,७५०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ३००,०००.०० | ७५,२५०.०० | ३७,१२५.०० | ३७,१२५.०० | ७५,२५०.०० | ०.०० | ७५,२५०.०० | २२५,७५०.०० |
| 22413 करार सेवा शुल्क | | | | | १,४००,०००.०० | ७३२,३९६.०० | ६२७,७६८.०० | १०४,६२८.०० | ७३२,३९६.०० | ०.०० | ७३२,३९६.०० | ६६७,६०४.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १,४००,०००.०० | ७३२,३९६.०० | ६२७,७६८.०० | १०४,६२८.०० | ७३२,३९६.०० | ०.०० | ७३२,३९६.०० | ६६७,६०४.०० |
| 22419 अन्य सेवा शुल्क | | | | | २००,०००.०० | १४१,०००.०० | ११७,५००.०० | २३,५००.०० | १४१,०००.०० | ०.०० | १४१,०००.०० | ५९,०००.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २००,०००.०० | १४१,०००.०० | ११७,५००.०० | २३,५००.०० | १४१,०००.०० | ०.०० | १४१,०००.०० | ५९,०००.०० |
| 22511 कर्मचारी तालिम खर्च | | | | | २,९००,०००.०० | १७५,९१५.०० | १७५,९१५.०० | ०.०० | १७५,९१५.०० | ८९,०००.०० | ८६,९१५.०० | २,७२५,०८५.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २,९००,०००.०० | १७५,९१५.०० | १७५,९१५.०० | ०.०० | १७५,९१५.०० | ८९,०००.०० | ८६,९१५.०० | २,७२५,०८५.०० |
| 22512 सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | | | | | १,७००,०००.०० | ६६८,१००.०० | ६६८,१००.०० | ०.०० | ६६८,१००.०० | ०.०० | ६६८,१००.०० | १,०३१,९००.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १,७००,०००.०० | ६६८,१००.०० | ६६८,१००.०० | ०.०० | ६६८,१००.०० | ०.०० | ६६८,१००.०० | १,०३१,९००.०० |
| 22611 अनुगमन, मूल्यांकन खर्च | | | | | २००,०००.०० | ५१,६८०.०० | ३९,०३०.०० | १२,६५०.०० | ५१,६८०.०० | ०.०० | ५१,६८०.०० | १४८,३२०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २००,०००.०० | ५१,६८०.०० | ३९,०३०.०० | १२,६५०.०० | ५१,६८०.०० | ०.०० | ५१,६८०.०० | १४८,३२०.०० |
| 22612 भ्रमण खर्च | | | | | १००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १००,०००.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १००,०००.०० |
| 22711 विविध खर्च | | | | | ३००,०००.०० | १२५,५५३.०० | ९५,०५३.०० | ३०,५००.०० | १२५,५५३.०० | १०,०००.०० | ११५,५५३.०० | १७४,४४७.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ३००,०००.०० | १२५,५५३.०० | ९५,०५३.०० | ३०,५००.०० | १२५,५५३.०० | १०,०००.०० | ११५,५५३.०० | १७४,४४७.०० |
| जम्मा | | | | | २०,२००,०००.०० | ६,८६३,९३०.१९ | ५,७१६,९४९.७९ | १,१४६,९८०.४० | ६,८६३,९३०.१९ | १३९,०००.०० | ६,७२४,९३०.१९ | १३,३३६,०६९.८१ |

स्रोतगत जम्मा

| | | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| 1100001-नेपाल सरकार | | २०,२००,०००.०० | ६,८६३,९३०.१९ | ५,७१६,९४९.७९ | १,१४६,९८०.४० | ६,८६३,९३०.१९ | १३९,०००.०० | ६,७२४,९३०.१९ | १३,३३६,०६९.८१ |
| | 01-नगद | २०,२००,०००.०० | ६,८६३,९३०.१९ | ५,७१६,९४९.७९ | १,१४६,९८०.४० | ६,८६३,९३०.१९ | १३९,०००.०० | ६,७२४,९३०.१९ | १३,३३६,०६९.८१ |
| जम्मा | | २०,२००,०००.०० | ६,८६३,९३०.१९ | ५,७१६,९४९.७९ | १,१४६,९८०.४० | ६,८६३,९३०.१९ | १३९,०००.०० | ६,७२४,९३०.१९ | १३,३३६,०६९.८१ |

म.ले.प. फाराम नं:२१०

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
रेड कार्यान्वयन केन्द्र
कार्यालय कोड नं : ३२९०१३४०३

## खर्चको फाँटवारी

बजेट उपशीर्षक नम्बर: ३२९०८१०४३
आयोजना/कार्यक्रम नाम: समृद्धिका लागि वन

आर्थिक वर्ष: २०८०/८१
महिना: पुस

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह: स्रोत व्यहोर्ने निकाय | प्राथमिक तह: भुक्तानी विधि | द्वितीय तह: स्रोत व्यहोर्ने निकाय | द्वितीय तह: भुक्तानी विधि | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 22111 पानी तथा बिजुली | | | | | ३००,०००.०० | ६,०००.०० | ६,०००.०० | ०.०० | ६,०००.०० | ०.०० | ६,०००.०० | २९४,०००.०० |
| | 2103003-विश्व बैंक - 33-सोधभर्ना हुने ट्रष्ट कोष | अनुदान | | | ३००,०००.०० | ६,०००.०० | ६,०००.०० | ०.०० | ६,०००.०० | ०.०० | ६,०००.०० | २९४,०००.०० |
| 22112 संचार महसुल | | | | | ५००,०००.०० | ६५,०९८.०० | ०.०० | ८४,६९८.०० | ८४,६९८.०० | ०.०० | ८४,६९८.०० | ४१५,३०२.०० |
| | 2103003-विश्व बैंक - 33-सोधभर्ना हुने ट्रष्ट कोष | अनुदान | | | ५००,०००.०० | ६५,०९८.०० | ०.०० | ८४,६९८.०० | ८४,६९८.०० | ०.०० | ८४,६९८.०० | ४१५,३०२.०० |
| 22212 इन्धन (कार्यालय प्रयोजन) | | | | | ७००,०००.०० | २१६,५०१.०८ | २०५,६०२.०८ | ४७,७२९.०० | २५३,३३१.०८ | ०.०० | २५३,३३१.०८ | ४४६,६६८.९२ |
| | 2103003-विश्व बैंक - 33-सोधभर्ना हुने ट्रष्ट कोष | अनुदान | | | ७००,०००.०० | २१६,५०१.०८ | २०५,६०२.०८ | ४७,७२९.०० | २५३,३३१.०८ | ०.०० | २५३,३३१.०८ | ४४६,६६८.९२ |
| 22213 सवारी साधन मर्मत खर्च | | | | | ६००,०००.०० | २१,५८७.०० | २१,५८७.०० | ६५,२३७.०० | ८६,८२४.०० | ०.०० | ८६,८२४.०० | ५१३,१७६.०० |
| | 2103003-विश्व बैंक - 33-सोधभर्ना हुने ट्रष्ट कोष | अनुदान | | | ६००,०००.०० | २१,५८७.०० | २१,५८७.०० | ६५,२३७.०० | ८६,८२४.०० | ०.०० | ८६,८२४.०० | ५१३,१७६.०० |
| 22221 मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | | | | | १००,०००.०० | ०.०० | ०.०० | २९,४८९.०० | २९,४८९.०० | ०.०० | २९,४८९.०० | ७०,५११.०० |
| | 2103003-विश्व बैंक - 33-सोधभर्ना हुने ट्रष्ट कोष | अनुदान | | | १००,०००.०० | ०.०० | ०.०० | २९,४८९.०० | २९,४८९.०० | ०.०० | २९,४८९.०० | ७०,५११.०० |
| 22231 निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | | | | | ६००,०००.०० | १५,२५०.०० | ०.०० | १५,२५०.०० | १५,२५०.०० | ०.०० | १५,२५०.०० | ५८४,७५०.०० |
| | 2103003-विश्व बैंक - 33-सोधभर्ना हुने ट्रष्ट कोष | अनुदान | | | ६००,०००.०० | १५,२५०.०० | ०.०० | १५,२५०.०० | १५,२५०.०० | ०.०० | १५,२५०.०० | ५८४,७५०.०० |
| 22311 मसलन्द तथा कार्यालय सामाग्री | | | | | ५००,०००.०० | ८७,९०४.०० | ८७,९०४.०० | ९१,२०२.०० | १७९,१०६.०० | ०.०० | १७९,१०६.०० | ३२०,८९४.०० |
| | 2103003-विश्व बैंक - 33-सोधभर्ना हुने ट्रष्ट कोष | अनुदान | | | ५००,०००.०० | ८७,९०४.०० | ८७,९०४.०० | ९१,२०२.०० | १७९,१०६.०० | ०.०० | १७९,१०६.०० | ३२०,८९४.०० |
| 22314 इन्धन - अन्य प्रयोजन | | | | | १००,०००.०० | ८,०४०.०० | ८,०४०.०० | ०.०० | ८,०४०.०० | ०.०० | ८,०४०.०० | ९१,९६०.०० |
| | 2103003-विश्व बैंक - 33-सोधभर्ना हुने ट्रष्ट कोष | अनुदान | | | १००,०००.०० | ८,०४०.०० | ८,०४०.०० | ०.०० | ८,०४०.०० | ०.०० | ८,०४०.०० | ९१,९६०.०० |
| 22315 पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | | | | | १००,०००.०० | ७,०००.०० | ७,०००.०० | ०.०० | ७,०००.०० | ०.०० | ७,०००.०० | ९३,०००.०० |
| | 2103003-विश्व बैंक - 33-सोधभर्ना हुने ट्रष्ट कोष | अनुदान | | | १००,०००.०० | ७,०००.०० | ७,०००.०० | ०.०० | ७,०००.०० | ०.०० | ७,०००.०० | ९३,०००.०० |
| 22319 अन्य कार्यालय संचालन खर्च | | | | | ६००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ६००,०००.०० |
| | 2103003-विश्व बैंक - 33-सोधभर्ना हुने ट्रष्ट कोष | अनुदान | | | ६००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ६००,०००.०० |
| 22411 सेवा र परामर्श खर्च | | | | | २२,३००,०००.०० | ५,७२७,७४६.०० | २,६९८,५९६.०० | २,२९०,६२०.०० | ४,९८९,२१६.०० | ०.०० | ४,९८९,२१६.०० | १७,३१०,७८४.०० |
| | 2103003-विश्व बैंक - 33-सोधभर्ना हुने ट्रष्ट कोष | अनुदान | | | २२,३००,०००.०० | ५,७२७,७४६.०० | २,६९८,५९६.०० | २,२९०,६२०.०० | ४,९८९,२१६.०० | ०.०० | ४,९८९,२१६.०० | १७,३१०,७८४.०० |
| 22419 अन्य सेवा शुल्क | | | | | २,०००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २,०००,०००.०० |
| | 2103003-विश्व बैंक - 33-सोधभर्ना हुने ट्रष्ट कोष | अनुदान | | | २,०००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २,०००,०००.०० |

Printed By: sabita

Printed Date: Feb 11, 2024 01:38 PM

Page 1 / 2

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | | | | | | | | |
| 22221 मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | | | | | २००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २००,०००.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २००,०००.०० |
| 22311 मसलन्द तथा कार्यालय सामाग्री | | | | | ६००,०००.०० | १३७,६३०.०० | ४६,२२५.०० | ९१,४०५.०० | १३७,६३०.०० | ०.०० | १३७,६३०.०० | ४६२,३७०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ६००,०००.०० | १३७,६३०.०० | ४६,२२५.०० | ९१,४०५.०० | १३७,६३०.०० | ०.०० | १३७,६३०.०० | ४६२,३७०.०० |
| 22314 इन्धन - अन्य प्रयोजन | | | | | १००,०००.०० | १८,९५०.०० | ०.०० | १८,९५०.०० | १८,९५०.०० | ०.०० | १८,९५०.०० | ८१,०५०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १००,०००.०० | १८,९५०.०० | ०.०० | १८,९५०.०० | १८,९५०.०० | ०.०० | १८,९५०.०० | ८१,०५०.०० |
| 22315 पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | | | | | १००,०००.०० | १३,४१५.०० | ०.०० | १३,४१५.०० | १३,४१५.०० | ०.०० | १३,४१५.०० | ८६,५८५.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १००,०००.०० | १३,४१५.०० | ०.०० | १३,४१५.०० | १३,४१५.०० | ०.०० | १३,४१५.०० | ८६,५८५.०० |
| 22412 सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | | | | | ३००,०००.०० | ७५,२५०.०० | ३७,१२५.०० | ३७,१२५.०० | ७५,२५०.०० | ०.०० | ७५,२५०.०० | २२४,७५०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ३००,०००.०० | ७५,२५०.०० | ३७,१२५.०० | ३७,१२५.०० | ७५,२५०.०० | ०.०० | ७५,२५०.०० | २२४,७५०.०० |
| 22413 करार सेवा शुल्क | | | | | १,४००,०००.०० | ७३२,३९६.०० | ६२६,७६८.०० | १०५,६२८.०० | ७३२,३९६.०० | ०.०० | ७३२,३९६.०० | ६६७,६०४.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १,४००,०००.०० | ७३२,३९६.०० | ६२६,७६८.०० | १०५,६२८.०० | ७३२,३९६.०० | ०.०० | ७३२,३९६.०० | ६६७,६०४.०० |
| 22419 अन्य सेवा शुल्क | | | | | २००,०००.०० | १४१,०००.०० | ११७,५००.०० | २३,५००.०० | १४१,०००.०० | ०.०० | १४१,०००.०० | ५९,०००.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २००,०००.०० | १४१,०००.०० | ११७,५००.०० | २३,५००.०० | १४१,०००.०० | ०.०० | १४१,०००.०० | ५९,०००.०० |
| 22511 कर्मचारी तालिम खर्च | | | | | २,९००,०००.०० | १७५,९१५.०० | १७५,९१५.०० | ०.०० | १७५,९१५.०० | ८९,०००.०० | ८६,९१५.०० | २,७२४,०८५.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २,९००,०००.०० | १७५,९१५.०० | १७५,९१५.०० | ०.०० | १७५,९१५.०० | ८९,०००.०० | ८६,९१५.०० | २,७२४,०८५.०० |
| 22512 सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | | | | | १,७००,०००.०० | ६६८,१००.०० | ६६८,१००.०० | ०.०० | ६६८,१००.०० | ०.०० | ६६८,१००.०० | १,०३१,९००.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १,७००,०००.०० | ६६८,१००.०० | ६६८,१००.०० | ०.०० | ६६८,१००.०० | ०.०० | ६६८,१००.०० | १,०३१,९००.०० |
| 22611 अनुगमन, मूल्यांकन खर्च | | | | | २००,०००.०० | ५१,६८०.०० | ३९,०३०.०० | १२,६५०.०० | ५१,६८०.०० | ०.०० | ५१,६८०.०० | १४८,३२०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २००,०००.०० | ५१,६८०.०० | ३९,०३०.०० | १२,६५०.०० | ५१,६८०.०० | ०.०० | ५१,६८०.०० | १४८,३२०.०० |
| 22612 भ्रमण खर्च | | | | | १००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १००,०००.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १००,०००.०० |
| 22711 विविध खर्च | | | | | ३००,०००.०० | १२५,४५३.०० | ९५,०५३.०० | ३०,४००.०० | १२५,४५३.०० | १०,०००.०० | ११५,४५३.०० | १७४,५४७.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ३००,०००.०० | १२५,४५३.०० | ९५,०५३.०० | ३०,४००.०० | १२५,४५३.०० | १०,०००.०० | ११५,४५३.०० | १७४,५४७.०० |
| जम्मा | | | | | २०,२००,०००.०० | ६,८६३,९३०.१९ | ५,७१६,९४९.७९ | १,१४६,९८०.४० | ६,८६३,९३०.१९ | १३९,०००.०० | ६,७२४,९३०.१९ | १३,३३६,०६९.८१ |

स्रोतगत जम्मा

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 1100001-नेपाल सरकार | | २०,२००,०००.०० | ६,८६३,९३०.१९ | ५,७१६,९४९.७९ | १,१४६,९८०.४० | ६,८६३,९३०.१९ | १३९,०००.०० | ६,७२४,९३०.१९ | १३,३३६,०६९.८१ |
| | 01-नगद | २०,२००,०००.०० | ६,८६३,९३०.१९ | ५,७१६,९४९.७९ | १,१४६,९८०.४० | ६,८६३,९३०.१९ | १३९,०००.०० | ६,७२४,९३०.१९ | १३,३३६,०६९.८१ |
| जम्मा | | २०,२००,०००.०० | ६,८६३,९३०.१९ | ५,७१६,९४९.७९ | १,१४६,९८०.४० | ६,८६३,९३०.१९ | १३९,०००.०० | ६,७२४,९३०.१९ | १३,३३६,०६९.८१ |

Printed By: sabita

Printed Date: Feb 11, 2024 01:38 PM